# राष्ट्रिय मानव अधिकार आयोग

**National Human Rights Commission, Nepal**

केन्द्रीय कार्यालय Central Office

हरिहर भवन, पुल्चोक, ललितपुर, HariharBhawan, Pulchowk, Lalitpur, Nepal

## प्रेस-विज्ञप्ति

९ माघ, २०७७

### नेपालको मानव अधिकारको अवस्था सम्बन्धमा अन्तर्राष्ट्रिय चासो

### आयोगका सिफारिसहरू कार्यान्वयन गर ।

नेपालको विगत पाँच वर्षको मानव अधिकारको अवस्थाका सम्बन्धमा संयुक्त राष्ट्र संघीय मानव अधिकार परिषद्मा २१ जनवरी २०२१ मा छलफल भएको छ । सो छलफलमा नागरिक तथा राजनीतिक अधिकार एवम् आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार र मौलिक हक कार्यान्वयनको लागि भएका प्रयास सहितको नेपाल सरकारबाट व्यक्त धारणालाई राष्ट्रिय मानव अधिकार आयोगले सकारात्मक रूपमा लिएको छ । आयोगले उक्त समिति समक्ष राष्ट्रिय महिला आयोग र राष्ट्रिय दलित आयोगसँग संयुक्त रूपमा सो अवधिको मानव अधिकार अवस्था सम्बन्धी प्रतिवेदन यसअघि नै प्रस्तुत गरिसकेको छ ।

नेपालको मानव अधिकार अवस्थाको सुदृढीकरणका लागि विश्वका विभिन्न राष्ट्रहरूबाट प्राप्त सुझावहरूलाई आयोगले गम्भीरतापूर्वक लिएको छ । महिला हिंसाको अन्त्य, जातिय विभेद, लैङ्गिक समानता, बालश्रमको अन्त्य, कारागार सुधार, आप्रवासी कामदारको अधिकार, महिला तथा बालबालिकाको बेचविखन, महामारीमा मानव अधिकार, सङ्क्रमणकालीन न्याय, यातना, खाद्य अधिकार, शरणार्थीको अधिकार, जलवायु परिवर्तन, दिगो विकास लक्ष्यको कार्यान्वयन, मानव अधिकार राष्ट्रिय कार्य योजनाको कार्यान्वयन, राष्ट्रिय मानव अधिकार आयोगको आर्थिक स्वायत्तता र सवलीकरणलगायतका विषयमा अन्तर्राष्ट्रिय समुदायबाट सुझावहरू प्राप्त भएका थिए । आयोगको स्वायत्तता र स्वतन्त्रता मानव अधिकारको पेरिस सिद्धान्तबमोजिम हुनुपर्नेलगायत आयोगले यसअघि नेपाल सरकारलाई सिफारिस गरेका सङ्क्रमणकालीन न्याय सम्बन्धी ऐनको संशोधन, रोम विधानको अनुमोदन, आप्रवासी कामदार सम्बन्धी महासन्धि र बलपूर्वक बेपत्ता पार्ने कार्य विरुद्धको महासन्धिहरूको अनुमोदन हुनुपर्ने जस्ता विषयहरूमा विश्व समुदायले चासोका साथ दिएको सुझावलाई आयोग सराहना गर्दछ । साथै, मानव अधिकार हननका विषयहरूमा आममाफी दिन नसकिने नेपाल सरकारको धारणालाई आयोगले महत्वका साथ हेरेको छ ।

नेपालको मानव अधिकारको अवस्था सुदृढीकरण तथा आयोगको स्वायत्तता र स्वतन्त्रताप्रति संवेदनशील हुँदै दिएका सुझावप्रति आयोग अन्तर्राष्ट्रिय समुदायप्रति धन्यवाद व्यक्त गर्दछ । साथै, आयोगका विगतका सिफारिसहरू तथा विश्वव्यापी आवधिक समीक्षाको क्रममा अन्तर्राष्ट्रिय समुदायबाट प्राप्त सुझाव तथा आयोगका सिफारिसहरूको कार्यान्वयनका लागि आयोग नेपाल सरकारको पुनः ध्यानाकर्षण गराउँदछ ।

............................

डा. टीकाराम पोखरेल

प्रवक्ता

(सहसचिव)

फोन नं. ५०१००१५, फ्याक्स नं. ००९७७-१-५५४७९७३ पो.ब.नं. ९१८२ काठमाण्डौ, नेपाल

Phone: +977 1 5010015 Fax: +977 1 5547973, G.P.O. Box: 9182, Kathmandu, Nepal

अडियो नोटिस बोर्ड सर्भिस नं. १६१८-०१-५०१००१५ *Audio Notice Board Service Number 1618 01 5010015*

Email: nhrc@nhrcnepal.org Website: www.nhrcnepal.org